नेपाल सरकार

गृह मन्त्रालय

**प्रहरी प्रधान कार्यालय**

**(मानवश्रोत एवं प्रशासन विभाग, भर्ना छनौट महाशाखा)**

नक्साल, काठमाडौं।

## नयाँ भर्ना सम्बन्धी सूचना !!!

**प्रथम पटक प्रकाशित मिति: २०७८/०८/१० गते।**

नेपाल प्रहरीमा **जनपद प्रहरी** समूह तर्फ **प्रहरी निरीक्षक** र **प्रहरी जवान** तथा **प्रहरी कार्यालय सहयोगी** पदहरुमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट रु.१०।- को टिकट टाँसी (स्वयम् उपस्थित भई) दरखास्त आव्हान गरिन्छ।

**१. आवश्यक माग पद संख्या :-**

| क्र. सं. | विज्ञापन नं. | पद | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | |
| १. | ४२ (०७८/७९) | प्रहरी निरीक्षक (जनपद) | ७९ | ३ | १३ | २२ | १७ | १० | २ | **१४६** |
| २. | ४३ (०७८/७९) | प्रहरी जवान (जनपद) | १०६३ | ३९ | १७५ | २७८ | २४३ | १३१ | ४२ | **१९७१** |
| ३. | ४४ (क) (०७८/७९) | प्रहरी कार्यालय सहयोगी (**भान्छे**) | ८७ | ३ | १५ | २५ | २० | ११ | २ | **१६३** |
| ४. | ४४ (ख) (०७८/७९) | प्रहरी कार्यालय सहयोगी (**हजाम**) | ४ | १ | १ | १ | २ | १ | - | **१०** |
| ५. | ४४ (ग) (०७८/७९) | प्रहरी कार्यालय सहयोगी (**सिलाई/बुनाई**) | ५ | १ | १ | २ | - | १ | - | **१०** |
| ६. | ४४ (घ) (०७८/७९) | प्रहरी कार्यालय सहयोगी (**कुचिकार**) | ५ | १ | १ | २ | १ | - | - | **१०** |
| ७. | ४४ (ङ) (०७८/७९) | प्रहरी कार्यालय सहयोगी (**धोबी**) | ६ | - | १ | १ | १ | १ | - | **१०** |

**२. दरखास्त फाराम दर्ता मिति :-** २०७८/०८/१९ गतेदेखि २०७८/०९/२३ गतेसम्म, समय विहान १०:०० बजेदेखि कार्यालय समय सम्म, (सार्वजनिक विदाको दिन बाहेक)।

**३. दरखास्त फाराम पाइने र बुझाउने स्थानहरू :-**

| क्र.सं. | पद | कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | प्रहरी निरीक्षक (जनपद) | महानगरीय प्रहरी कार्यालय, **रानीपोखरी काठमाण्डौं**। | ०१-४२३१४६६ |
| | | १ नं. प्रदेश प्रहरी कार्यालय, **विराटनगर**। | ०२१-४३५००१ |
| | | २ नं. प्रदेश प्रहरी कार्यालय, **जनकपुर**। | ९८५४०२९७४१ |
| | | बागमती प्रदेश प्रहरी कार्यालय, **हेटौंडा**। | ०५७-५२१४९९ |
| | | गण्डकी प्रदेश प्रहरी कार्यालय, **पोखरा**। | ०६१-४६२५०० |
| | | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, **दाङ**। | ०८२-५२३४१० |
| | | कर्णाली प्रदेश प्रहरी कार्यालय, **सुर्खेत**। | ०८३-५२०८११ |
| | | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, **धनगढी**। | ९८५८४९००५० |
| २. | प्रहरी जवान (जनपद) र प्रहरी कार्यालय सहयोगी | १ नं. प्रदेश प्रहरी तालिम केन्द्र, **विराटनगर, मोरङ**। | ९८५२०९०१८० |
| | | २ नं. प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर (हाल सम्पर्क कार्यालय: **राजविराज, सप्तरी**)। | ९८५४०९०६०० |
| | | बागमती प्रदेश प्रहरी तालिम केन्द्र, **दुधौली, सिन्धुली**। | ९८५४०४१७८९ |
| | | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, **पोखरा, कास्की**। | ९८५६०६८१२१ |
| | | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, **बुटवल, रूपन्देही**। | ९८५७०९०४४४ |
| | | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल **नेपालगंज, बाँके**)। | ९८५८०९०११५ |
| | | सुदूरपश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, **दिपायल, डोटी**। | ९८५८४९००८४ |
| | | महानगरीय प्रहरी परिसर, **काठमाण्डौ**। | ९८५१२८३०१२ |
| | | महानगरीय प्रहरी परिसर, **भक्तपुर**। | ९८५१२८३०२० |
| | | महानगरीय प्रहरी परिसर, **ललितपुर**। | ९८५१२९४५५५ |
| | | जिल्ला प्रहरी कार्यालय, **(सबै)**। | सम्बन्धित जि.प्र.का.हरू |

## ४. दरखास्त राजश्व (दस्तुर) :-

| क्र.सं. | पद | राजश्व (दस्तुर) |
|---|---|---|
| १. | प्रहरी निरीक्षक (जनपद) | दरखास्त फारामसाथ राजश्व दस्तुर बापत रु.१००० (एक हजार) बुझाउनु पर्नेछ। साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.२००) का दरले थप दस्तुर लाग्नेछ। |
| २. | प्रहरी जवान (जनपद) | दरखास्त फारामसाथ राजश्व दस्तुर बापत रु.१५० (एक सय पचास) बुझाउनु पर्नेछ। साथै एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.३०) का दरले थप दस्तुर लाग्नेछ। |
| ३. | प्रहरी कार्यालय सहयोगी | दरखास्त फारामसाथ राजश्व दस्तुर बापत रु.१०० (एक सय) बुझाउनु पर्नेछ। साथै एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.२०) का दरले थप दस्तुर लाग्नेछ। |

## ५. उमेर हद :-

| क्र.सं. | पद | उमेरको हद |
|---|---|---|
| १. | प्रहरी निरीक्षक (जनपद) | • दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म २० वर्ष उमेर पुगेको र २५ वर्ष ननाघेको,  तर खुला प्रतियोगितामा भाग लिने प्रहरी सेवाको राजपत्र अनंङ्कित प्रहरी कर्मचारीको हकमा ३५ वर्ष ननाघेको र प्रहरी जवान वा प्रहरी अधिकृत आधारभूत तालिम गरेको प्रमाण पत्र पेश गर्नु पर्नेछ।<br>• प्राविधिक प्रहरी कर्मचारीहरुको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) प्रारम्भ हुनु भन्दा अगाडी कायम रहेको प्राविधिक प्रहरी नियमावली, २०५८ बमोजिम नियुक्ति भएको वा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) बमोजिम प्राविधिक प्रहरी समूहमा नियुक्ति पाएको प्रहरी कर्मचारीले जनपद प्रहरी समूह तर्फको प्रहरी सहायक निरीक्षक पदको उम्मेदवारको लागि तोकेको उमेर हद भित्र सेवा प्रवेश गरेको भएमा जनपद प्रहरी समूह तर्फको प्रहरी निरीक्षक पदमा खुला प्रतिष्पर्धा गर्न सक्नेछ।<br>• बहालवाला श्रेणी विहीन प्रहरी कर्मचारीको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम ४० बमोजिम २५ वर्ष ननाघेको हुनु पर्नेछ। |
| २. | प्रहरी जवान (जनपद) | • दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २३ वर्ष ननाघेको।<br>• बहालवाला श्रेणी विहीन प्रहरी कर्मचारीको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम ४० बमोजिम २५ वर्ष ननाघेको हुनु पर्नेछ। |
| ३. | प्रहरी कार्यालय सहयोगी | • दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २५ वर्ष ननाघेको। |

## ६. आवश्यक न्यूनतम योग्यता :-

| पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|
| प्रहरी निरीक्षक (जनपद) | १. शैक्षिक योग्यता: मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।<br>२. मानव अधिकार र मानवीय कानुनको उल्लङ्घनमा सजाय नपाएको,<br>३. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,<br>४. राजनैतिक दलको सदस्य नरहेको,<br>५. आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>६. उचाई, छाती र तौलः<br>(क) **पुरुष**- उचाई घटीमा ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी.<br>(ख) **महिला**- उचाई घटीमा ५ फिट, तौल कम्तीमा ४२ के.जी.<br>७. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>८. प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको (परीक्षा सञ्चालनको क्रममा हुने),<br>९. नेपाली नागरिक। |
| प्रहरी जवान (जनपद) | १. शैक्षिक योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरेको।<br>२. भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको।<br>३. जनपद समूह तर्फको प्रहरी निरीक्षक पदको लागि तोकिए बमोजिम क्र.सं. (३) देखि (९) सम्मको अन्य योग्यताहरु पुरा भएको। |

| पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|
| प्रहरी कार्यालय सहयोगी | १. शैक्षिक योग्यता: साधारण लेखपढ गर्न जानेको।<br>२. भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको।<br>३. उचाई, छाती र तौलः<br>(क) **पुरुष**- उचाई घटीमा ५ फिट, छाती ३१-३३, तौल ५० के.जी.<br>(ख) **महिला**- उचाई घटीमा ४ फिट १० ईन्च, तौल कम्तीमा ४२ के.जी.<br>४. जनपद समूह तर्फको प्रहरी निरीक्षक पदको लागि तोकिए बमोजिम क्र.सं. (३), (४), (५), (७), (८) र (९) सम्मको अन्य योग्यताहरु पुरा भएको। |

७. **दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरु :-**

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ (एक) प्रति।

(ख) हालसालै खिचेको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) ५ (पाँच) प्रति।

(ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कशिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा उच्च माध्यमिक शिक्षा परिषद/त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate)।

(घ) **अमर/अशक्त प्रहरी परिवारको** लागि अमर/अशक्त भएको कुरा पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र।

(ङ) **आदिवासी/जनजातिका** हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात।

(च) **मधेसीका** हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि-१ (एक) प्रति।

(छ) **दलितका** हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात।

(ज) **पिछडिएको क्षेत्रका** लागि (**अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला**) जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरीकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त पेश गर्दाका वखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिन भन्दा ३ महिना अगाडि सम्मको सिफारिस हुनु पर्ने। स्थायी बसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरीकता लिएको भएमा नागरीकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट सो गर्नु परेको कारण उल्लेख भएको पत्र लिएको हुनु पर्नेछ।

(झ) दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडि पट्टि '**सक्कल बमोजिम नक्कल ठिक छ**' भनि उम्मेदवार स्वयमले अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ।

८. **परीक्षा विधि :-**

- प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षा,
- विस्तृत स्वास्थ्य परीक्षण,
- लिखित परीक्षा प्र.नि.र प्र.ज.पदको मात्र हुने (**लोक सेवा आयोगबाट सञ्चालन हुने हुँदा आयोगद्वारा तोकेको परीक्षा केन्द्रहरुमा सञ्चालन हुने**),
  - वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको गलत उत्तर बापत २०% अंक कट्टा गरीने व्यहोरा जानकारी गराईन्छ।
  - वस्तुगत बहुउत्तर प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ।
- प्रयोगात्मक परीक्षा (प्र.का.स. पदको मात्र हुने),
- विशेष स्वास्थ्य परीक्षण परीक्षा (प्र.नि. पदको मात्र हुने),
- सक्षमता परीक्षण र अन्तरवार्ता (सक्षमता परीक्षण प्र.नि. पदको मात्र हुने र अन्तरवार्ता परीक्षा सबै पदको हुने)।

९. **परीक्षा संचालन हुने स्थान :-**

- **प्रहरी निरीक्षक (जनपद)**
  - प्रदेश प्रहरी कार्यालयहरू र महानगरीय प्रहरी कार्यालय रानीपोखरी काठमाण्डौंमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजमा प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा संचालन हुने।

- विस्तृत स्वास्थ्य परीक्षण र विशेष स्वास्थ्य परीक्षण नेपाल प्रहरी अस्पताल, महाराजगंज काठमाण्डौमा र सक्षमता परीक्षण तथा अन्तरवार्ता परीक्षा प्रहरी प्रधान कार्यालय, नक्साल काठमाण्डौमा संचालन हुने।

➢ **प्रहरी जवान (जनपद) र प्रहरी कार्यालय सहयोगी**

| क्र.सं. | दरखास्त फाराम वितरण तथा दर्ता केन्द्र | परीक्षा संचालन हुने स्थान |
|---|---|---|
| १. | जि.प्र.का. ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुंगा, उदयपुर, झापा, मोरङ र सुनसरीमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | १ नं.प्रदेश प्रहरी तालिम केन्द्र, **विराटनगर, मोरङ**। |
| २. | जि.प्र.का.सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | २ नं. प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर (सम्पर्क कार्यालय: **राजविराज, सप्तरी**) |
| ३. | जि.प्र.का.दोलखा, रामेछाप, सिन्धुली, चितवन र मकवानपुरमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | बागमती प्रदेश प्रहरी तालिम केन्द्र, **दुधौली, सिन्धुली**। |
| ४. | जि.प्र.का.गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङजा, म्याग्दी र बाग्लुङ्गमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, **पोखरा, कास्की**। |
| ५. | जि.प्र.का.नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रोल्पा, प्यूठान र दाङमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, **बुटवल, रूपन्देही**। |
| ६. | जि.प्र.का.रुकुम (पूर्व), रुकुम (पश्चिम), बाँके, बर्दिया, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट दैलेख र सुर्खेतमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल **नेपालगंज, बाँके**)। |
| ७. | जि.प्र.का.बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर र कैलालीमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | सुदूरपश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, **दिपायल, डोटी**। |
| ८. | म.न.प्र.परिसर भक्तपुर, ललितपुर, काठमाण्डौ साथै जि.प्र.का.काभ्रे, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट र धादिङमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | महानगरीय प्रहरी शिक्षालय, **महाराजगंज, काठमाण्डौं**। |

**१०. मिति २०७८/१०/०५ गते प्रथम चरणको परीक्षा सम्बन्धी जानकारी** (प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षा तालिका) **नेपाल प्रहरीको वेभसाईट: *www.nepalpolice.gov.np* मा राखिने छ।**

**पुनश्च:**

१. हरेक चरणको परीक्षा समाप्ती पश्चात् नतिजा प्रकाशन गरीनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ।

२. परीक्षा संचालन गर्दा खुला तथा समावेशी तर्फको एउटै परीक्षा संचालन गरीनेछ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरु बिच मात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरीनेछ।

३. दरखास्त पेश गर्दा सक्कल प्रमाणपत्रहरु साथमा लिई उम्मेदवार स्वयम् उपस्थित हुनु पर्नेछ।

४. प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम १३ को उपनियम (५) बमोजिम पदपूर्ति समितिबाट विज्ञापन प्रकाशन भएपछि दरबन्दी थप वा खाली भई पद रिक्त भएमा लिखित परीक्षाको नतिजा प्रकाशन हुनु भन्दा अगाडि सो पदपूर्ति समितिले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी सोही विज्ञापनमा सो संख्या समेत थप गर्न सक्नेछ।

५. यस विज्ञापन सम्बन्धी सूचना तथा विभिन्न चरणमा लिइने परीक्षाहरुको पाठ्यक्रम नेपाल प्रहरीको वेभसाईट:*www.nepalpolice.gov.np* मा समेत हेर्न सकिनेछ र दरखास्त फाराम सोही वेभसाइटबाट डाउनलोड गरी आवश्यक कागजातहरु संलग्न राखि तोकिएको कार्यालयमा पेश गर्न सकिने छ।

**मिति:- २०७८/०८/१० गते।**

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय, नक्साल

**प्रहरी प्रधान कार्यालय**
**मानवश्रोत एवं प्रशासन विभाग**
**भर्ना छनौट महाशाखा**
**नक्साल, काठमाण्डौ।**